सामुदायिक लघुवित्त वित्तिय संस्था लिमिटेड
Samudayik Laghubitta Bittiya Sanstha Limited
Banepa-14, Sanga, Kavrepalanchowk

Head Office: Banepa-14, Kavre.
Phone No: 011-662251, 660452
E-mail: samudayikbank@gmail.com
Web.: www.samudayikbank.com.np

# Unaudited Financial Results (Quarterly)

**As at the end of Second Quarter (Poush 29, 2080) of the Fiscal Year 2080/081**

*Rs. In '000*

| S. No. | Particulars | This Quarter Ending (Poush 29, 2080) | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **1483635.06** | **1522397.97** | **1750833.90** |
| 1.1 | Paid-up Capital | 145200.00 | 145200.00 | 132000.00 |
| 1.2 | Reserves and Surplus | 32918.18 | 46401.28 | 86995.74 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 501148.12 | 512895.91 | 651100.63 |
| 1.5 | Deposits (a+b) | 526207.76 | 551922.67 | 613741.87 |
| | a. Domestic Currency | 526207.76 | 551922.67 | 613741.87 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | - | 0.00 | |
| 1.7 | Other Liabilities | 278160.99 | 265978.12 | 266995.67 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **1483635.06** | **1522397.97** | **1750833.90** |
| 2.1 | Cash & Bank Balance | 72610.00 | 79667.14 | 131319.84 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | 111000.00 | 111000.00 | 22616.50 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 1205140.52 | 1251329.82 | 1513027.35 |
| 2.5 | Fixed Assets | 7325.25 | 7250.21 | 8266.28 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 87559.29 | 73150.81 | 75603.92 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 86706.44 | 37810.26 | 110272.67 |
| 3.2 | Interest Expense | 52525.66 | 27081.29 | 68048.50 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **34180.78** | **10728.97** | **42224.18** |
| 3.3 | Fees Commission and Discount | 295.82 | 119.73 | 338.15 |
| 3.4 | Other Operating Income | 7608.19 | 4498.90 | 9674.19 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **42084.79** | **15347.60** | **52236.51** |
| 3.6 | Staff Expenses | 39044.59 | 19060.38 | 38081.37 |
| 3.7 | Other Operating Expenses | 11715.75 | 5401.89 | 10467.03 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **-8675.55** | **-9114.67** | **3688.12** |
| 3.8 | Provision for Possible Loss | 93912.51 | 43121.78 | 75114.11 |
| **D** | **Operating profit (C-3.8)** | **-102588.06** | **-52236.44** | **-71425.99** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | 26,712.21 |
| 3.10 | Write Back of Provision for Possible Loss | 62,599.00 | 22,783.99 | 41,541.43 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **-39989.06** | **-29452.45** | **-3172.36** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **-39989.06** | **-29452.45** | **-3172.36** |
| 3.12 | Provision For Staff Bonus | | | |
| 3.13 | Provision For Tax | | | |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **-39989.06** | **-29452.45** | **-3172.36** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 11.53% | 12.69% | 12.94% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 14.65% | 11.36% | 9.04% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 78.81% | 94.45% | 104.60% |
| 4.4 | Cost of Funds | 10.20% | 10.33% | 10.74% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 229.02% | 226.72% | 246.53% |

Note: If the statutory auditor and supervisory authority notify any remarks to change, the unaudited financial statements could be changed accordingly.

| Interest Rate | |
|---|---|
| **1. Deposits 7.5% - 12% Per Annum** | **2. Loan & Advance : 14% - 15% Per Annum** |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४
## (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

# आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रैमासिक प्रतिवेदन

**१. बित्तिय विवरण:**

क. यस सामुदायिक लघुवित्त वित्तीय संस्था लि.को दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा/नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख. प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी | मूल्य/आम्दानी अनुपात (P/E ratio) | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| (५५.०८) | (१५.०३) | १२२.६७ | १०२१.७९ | २७.९२ |

**२. व्यबस्थापकीय बिश्लेषण :**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:** लघुवित्त कर्जा लगानीमा कमी हुन गएकोले संस्थाको लगानीमा रहिरहेको कर्जा रकममा कमी भएकोले आम्दानीमा प्रभाव पारेको । कर्जा लगानीमा कमी भएका कारण तरलता अनुपातमा बृद्धि भएकोले कोषमा व्ययभार बृद्धि भईरहेको छ साथै तरलता अनुपातत्रैमासको अन्तसम्ममा व्यवस्थापन गर्न सकिएको ।

**(ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको बिश्लेषणात्मक विवरण :** राष्ट्रिय स्तरको लघुवित्त संस्थामा परिणत हुन तथा पुँजी बृद्धिमा सक्षम हुन र कार्यक्षेत्र विस्तार हुन यस संस्थाले बनेपा स्थित के.का. रहेको बिपीडब्लु ल.वि.संस्था लिमिटेडसँग अन्तिम सम्झौता गरी नेपाल राष्ट्र बैंकमा स्विकृतीका लागि एक आपसमा गाभ्ने/गाभिने प्रस्ताव पेश भएकोछ । साथै अन्य जिल्लाहरुमा पनि व्यबसाय प्रबर्द्धन गर्दै जाने र स्वीकृत जिल्ला अन्तर्गत संभावित क्षेत्रमा व्यावसायिक समूह विस्तार गरी लघुवित्त कार्यक्रमको पहुँच नपुगेको स्थानहरुमा लघुवित्त सेवा विस्तार गर्ने, सदस्यको सीप क्षमताको मूल्यांकन गरी सुरक्षित कर्जा प्रवाह गरी व्यवसाय बृद्धि गर्ने कर्मचारी दक्षता बृद्धि गर्न कार्यगत सीप विकास गर्ने, भाखा नाघेको कर्जा असुलीमा बिशेष प्राथमिकता दिई असुली गरी भाखा नाघेको कर्जाको दर कम गर्ने । वित्तीय संस्थामा रहेको जनशक्ति तथा यसको उचित व्यवस्थापन, तालिम र समयानुकूल व्यवसायिक योजना तथा रणनीति अपनाई संस्थाले प्रदान गर्ने सेवामा प्रभावकारी र विविधिकरण गर्दै खर्चमा मितव्ययिता अपनाउने योजना रहेको छ ।

**(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी बिश्लेषणात्मक विवरण :** लघुवित्त संघर्ष समिति, कर्जामा दोहोरोपना, एकलकर्जा सीमा आदिमा नियन्त्रित भई लगानी गर्नु परेको कारण बार्षिक लक्ष योजना अनुरुप लगानी वृद्धि हुन नसक्दा असूली भएको रकम मुद्दतीमा लगानी भईरहेकोले संस्थाको मौज्दात, नाफा नोक्सान, नगद प्रवाहमा सामान्यप्रभाव पारेको छ रनियमन निकायको निर्देशनको पालना गर्दै व्याबसायिक रणनीति अवलम्बन गरिएको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए : **यस संस्थाको आर्थिक कारोवारमा अनियमिता गर्ने व्यक्तिहरु क्रमशः रमेशजंग शाह, सरोज राई, सुनिता घिसिङ्ग, दिपक कोइराला र बेली दनुवार उपर जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा र रामेछापमा बैंकिङ्ग कसुरको मुद्दा दायर गरी अनुसन्धान भैरहेकोछ ।**

(ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको बिरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : **संस्थाको जानकारीमा आएको छैन ।**

(ग) कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको वा नभएको : **संस्थाको जानकारीमा आएको छैन ।**

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी बिश्लेषण :**

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :** शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा शेयरको मुल्य तथा कारोवार प्रति यस संस्थाको व्यबस्थापन तटस्थ छ तर प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बद्ध निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले उपलब्ध गराएको छ ।

**(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्या :**
(नेपाल स्टक एक्सचेन्जको वेवसाईट www.nepalstock.com.np अनुसार)

| शेयरको अधिकतम मूल्य | शेयरको न्यूनतम मूल्य | शेयरको अन्तिम मूल्य | कारोवार भएको कूल दिन | कारोवार भएको कुल संख्या |
|---|---|---|---|---|
| ८३२.३ | ५७८.२ | ८२८ | ४९ | २६,१९२ |

**५. समस्या तथा चूनौती :**

**क. आन्तरिक :** केही कर्जा असुल हुन नसकी उत्पन्न हुन सक्ने जोखिमलाई कम गर्न दक्ष कर्मचारीहरुको तत्काल व्यवस्था क्रमशः गर्दै लगिएकोछ ।

**ख. बाह्य :** वित्तीय संस्थामा कार्यक्षेत्र, सदस्य र ऋणमा हुने दोहोरोपनका कारण ऋणग्रस्तताको समस्या र चुनौती सामना गर्नुपर्ने अवस्था रहेको ।हालै विभिन्न स्थानहरुमा लघुवित्त पिडित संघर्ष समितिको नाममा समुह कारोवारमा अवरोध तथा समुह सञ्चालन गर्नमा समस्या उत्पन्न भैरहेको अवस्थाका कारण लघुकर्जाहरु समेत डुबन्ते ऋणमा पर्नसक्ने अवस्था सृजना भएको । जसका कारण संस्थाले कर्जा जोखिम व्यवस्थामा धेरै मात्रामा व्यवस्था गर्नुपर्ने अवस्था सृजना भएको ।

**ग. रणनीति :** दक्ष जनशक्तिको बिकास गर्न कर्मचारीलाई समय समयमा बिभिन्न बैंकिङ्ग तालिममा पठाउनुको साथै संस्था भित्र पनि त्यस्ता तालिमको व्यबस्था गरिएको छ । संस्थाले आफ्नो हरेक सेवालाई ग्राहकमुखी र गुणस्तरीय बनाउँदै लगि आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यबस्थापनलाई चुस्त दुरुस्त बनाउने रणनीति लिएको छ ।

**६. संस्थागत सुशासन :**

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंक ऐन, २०५८, धितोपत्र ऐन, २०६३ तथा विद्यमान ऐन कानुन र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाका लागि सञ्चालक समितिले प्रवन्धपत्र, नियमावली, विभिन्न विनियमावली, कार्यविधि, नीति तथा निर्देशनहरु तयार गरी लागु गरिएको छ । सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति लगायतका समितिहरुको माध्यमबाट संस्थाभित्र संस्थागत सुशासन कायम गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई मजवुत बनाउन यस संस्था प्रतिवद्ध छ ।

**७. सत्य तथ्य सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उदघोष :** आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सु(सूचित निर्णय लिन आबश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।